# चौविसे गाउँपालिका

धनकुटा

# चौविसे राजपत्र

खण्ड-६, संख्या-२, मिति : २०७९-०९-०७


## भाग-२

### गाउँपालिका अध्यक्षसँग जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा परामर्श सेवा कार्यविधि, २०७९

नसर्ने रोग र ति रोगहरुका जोखिमहरु समयमा नै पहिचान गरि उचित परामर्श, उपचार तथा प्रेषण मार्फत नसर्ने रोगलाई जटिल हुन नदिन र स्वस्थ ब्यक्तिमा नसर्ने रोगको जोखिमलाई न्युनिकरण गर्न अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा परामर्श सेवा कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन को दफा ११ उपदफा (२) झ (१) ले दिएको अधिकार प्रयोग गरि चौबिसे गाउँपालिका अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा परामर्श सेवा कार्यक्रम कार्यन्वयन कार्यविधि २०७९ बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र बिस्तार

(१)यस कार्यविधिको नाम "गाउँपालिका अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा परामर्श सेवा कार्यविधि, २०७९ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि चौबिसे गाउँपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थामा लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रशंगले अन्य अर्थ नलागेकमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा परामर्श सेवा कार्यक्रम सम्झनु पर्छ ।

(ख) "स्वास्थ्यकर्मी" भन्नाले हे अ वा अ हे व अध्ययन गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको सम्झनु पर्छ ।

(ग) "सेवा प्रदायक संस्था "भन्नाले चौबिसे गाउँपालिका भित्र रहेका स्थानीय तह अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ।

(घ) "स्वास्थ्य परिक्षण" भन्नाले दफा बमोजिमका स्वास्थ्य जाँच तथा प्रयोगशाला परिक्षण सम्बन्धि सेवाहर सम्झनु पर्छ ।

(ङ) " स्वास्थ्य संस्था " भन्नाले सेवा प्रदायक संस्थालाई सम्झनु पर्छ ।

(च) " वडा " भन्नाले चौबिसे गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## उद्देश्य

३. कार्यक्रमको उद्देश्य: कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नसर्ने रोगको समयमा नै पहिचान रोकथाम उपचार र त्यसबाट हुने जटिलतालाई न्युनिकरण गर्न स्वास्थ्य परिक्षण गर्ने र आवश्यक सल्लाह सुझाव तथा सेवा उपलब्ध गराउने ।

(ख) नसर्ने रोगको रोकथाम सम्बनधी समुदायस्तरमा जनचेतना अभिवृद्धि गरि रोगको जोखिम न्युनिकरण गर्ने ।

## परिच्छेद- ३
## लक्षित समूह र स्वास्थ्य परीक्षण सेव प्याकेज

**४. लक्षित समूहः**

(१) यो कार्यक्रमको लक्षित समूहमा चौबिसे गाउँपालिका भित्र स्थायी बसोबास गर्ने ७० वुर्ष वा सो भन्दा माथि उमेर समूहका सम्पूर्ण नागरिक हरु

**४. परीक्षण सेवा प्याकेज :**

**यो कार्यक्रमको लागि देहाय बमोजिमको स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइनेछ-**

| क्र सं | परिक्षणहरु |
|---|---|
| क | स्वास्थ्यकर्मीहरुबाट नसर्ने रोगको इतिहास र शारीरिक जाँच |
| ख | तौल, उचाइ , पेटको मोटाई |
| ग | रगतमा चिनिको जाँच (RBS) |
| घ | रक्तचापको जाँच |
| ङ | आवश्यकता अनुसार निशुल्क औषधि बितरण |
| च | प्रेषण सेवा |

## परिच्छेद- ४

## कार्यक्रम संचालन प्रक्रिया

**५. निर्देशक समितिः**

(१) यो कार्यक्रम संचालन गर्न चौबिसे गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| (क) गाउँ पालिका प्रमुख | अध्यक्ष |
| (ख) गाउँपालिका उप प्रमुख | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वडा अध्यक्षहरु मध्य अध्यक्षबाट मनोनित २ जना | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

२ निर्देशक समितिले स्वास्थ्य परिक्षण कार्यविधि परिमार्जन गर्न सक्नेछ ।

३ निर्देशक समितिले आवश्यकता अनुसार सदस्यहरु थपघट गर्न सक्नेछ ।

४ निर्देशक समितिको बैठक ३, ३ महिनामा बस्नेछ तर आवश्यकमता परेमा जुनसुकै समयमा बस्न सक्नेछ ।

**६. निर्देशक समितिको काम कर्तब्य र अधिकारः**निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रमको नीति, योजना र कार्यक्रम कार्यान्वयन सम्बन्धि आवश्यक कार्यबिधि, निर्देशिका र मापदण्ड तयार गर्ने र कार्यान्वयनका लागि सम्बन्धित सबैलाई निर्देशन दिने।

(ख) कार्यक्रमको अनुगमन तथा बार्षिक समिक्षा गरि आवश्यक पृष्ठपोषण दिने ।

**७. कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति :** यो कार्यक्रम संचानल गर्न स्विकृत बजेटको परिधि भित्र रहि गाउँपालिकाले स्वास्थ्यकर्मीहरु परिचालन गर्नेछ ।

**८. कार्यक्रम संचालन प्रकृया**

(क)कार्यक्रम संचालनका लागि दफा ४ मा उल्लेखित स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले स्वास्थ्यकर्मी परिचालन गरि ६, ६ महिनाको फरकमा साविक वडाको घर घरमा गई ७५ माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य परिक्षण तथा परामर्श सेवा प्रदान गरिने छ ।

(ख) दफा ५ मा उल्लेखित सेवा सेवा प्रदायक संस्था मा उपलब्ध भएको जनशक्ति भौतिक संरचना औजार उपकरण प्रयोग गरि उपलब्ध गराइनेछ र सेवा प्रदायक संस्थामा उपलब्ध नभएको आवश्यक उपकरण तथा औषधि गाउँपालिकाले खरिद गरि ब्यवस्था गरिने छ ।

**९. जनशक्ति ब्यवस्थापन:**

(१) यस कार्यबिधि बमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने जनशक्तिहरु देहाय बमोजिम हुनेछन । १ जना

नर्सिङ कर्मचारी १ जना

पारामेडिक

(२) उपदफा १ मा उल्लेखित जनशक्तिको कार्य देहाय बमोजिम हुनेछ ।

- ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गर्दा तपशिल बमोजिमको परीक्षण गरिनेछ ।

(क) नाम-थर, तौल ,उचाई, पेटको मोटाई र रक्तचाप लिने

(ख) इतिहास लिने ( Histry taking )

(ग) शारीरिक जाँच गर्ने ( Physical Health Check Up )

(घ) ग्लुकोमिटरको प्रयोग गरि रगतमा चिनीको परिक्षण

**१०. कार्यक्रमको आर्थिक ब्यवस्थापन:** गाउँपालिकाबाट गरिनेछ ।

(क) कार्यक्रमको लागि आवश्यक बजेट र खर्च ब्यवस्थापन गाउँपालिकाबाट गरिनेछ ।

(ख) कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न यस कार्यक्रममा संलग्न हुने सेवा प्रदायक संस्थामा कार्यरत स्वास्थ्यकर्मी (पारामेडिक र नर्स ) लाई नियमित कामको अलावा यस कार्यमा खटिनु पर्ने भएकोले यस कार्यक्रमको लागि उपदफा (क) वमोजिम बिनियोजित बजेटबाट खर्च गर्ने गरि प्रति ब्यक्ति स्वास्थ्य परिक्षण तथा परामर्श सेवा दिए बापत देहाय बमोजिमको रकम प्रदान गरिने छ ।

| सि न | पद | प्रति दिन प्रोत्साहन यातायात खर्च दर | कैफियत |
|---|---|---|---|
| १ | पारामेडिक | ५०० | |
| २ | नर्स | ५०० | |

(ग) प्रति वडा (साविक ९ वटा वडाहरुमा) अधिक्तम ५ दिनसम्म मात्र जेष्ठनागरिकहरुको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरे वापतको रकम प्रतिदिन २ जना (पारामेडिक र नर्स) लाई रकम प्रदान गरिने छ ।

प्रमाणीकरण मिति : २०७९/०९/०७

आज्ञाले
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत
चौविसे गाउँपालिका

सर्वाधिकार : चौविसे गाउँपालिका, धनकुटा
मुद्रित संख्या : १० प्रति